# सार्वजनिक निजी साझेदारी नीति २०७८

**१. पृष्ठभूमी :** सार्वजनिक निजी साझेदारीको माध्यमबाट आर्थिक विकास, पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, सुन्दरहरैंचा नगरपालिकाले यो नीति बनाई कार्यान्वयनमा ल्याईनेछ ।

**२. नीतिको आवश्यकता**

२.१. सुन्दरहरैंचा नगरपालिकाको सार्वजनिक पूर्वाधार तथा सेवाहरुको निर्माण, स्तरोन्नती, आधुनिकीकरण तथा सञ्चालनमा निजी क्षेत्रमा उपलब्ध स्रोत-साधन, व्यावसायिक कुशलता, उद्यमशीलता, क्षमता, दक्षता एवम् नवीनतम प्रविधिको प्रयोगलाई आर्थिक विकासमा आर्कषण गरी स्तरीय सेवा प्रवाह गर्न,

२.२. पर्याप्त तथा गुणस्तरयुक्त पूर्वाधार तथा सेवाहरु उपलब्ध गराउन सुन्दरहरैंचा नगरपालिकाको एकल लगानी मात्र पर्याप्त नहुने हुँदा निजी क्षेत्रको लगानी आकर्षित गरी सार्वजनिक हितका लागि उपयोग गर्न,

२.३. आगामी दिनमा वर्तमान पूर्वाधार विकासको क्षेत्रमा व्यापक सुधार गरी नगरको आर्थिक विकास गर्न आवश्यक भएकाले सुन्दरहरैंचा नगरपालिकाद्वारा सुन्दरहरैंचा नगरपालिकाको सार्वजनिक-निजी साझेदारी नीति, २०७५ तर्जुमा गरिएको छ ।

**३. दीर्घकालीन सोंच (Vision)** सुन्दरहरैंचा नगरपालिकामा सार्वजनिक पूर्वाधार तथा सेवाहरुको गुणस्तरीय र दिगो विकास गरी त्यस्ता पूर्वाधार तथा सेवाहरुमा सर्वसाधारण नागरिकको पहुँच सुनिश्चित गर्ने ।

**४. लक्ष्य (Goal)** सार्वजनिक-निजी साझेदारीको माध्यमबाट वृहत् सामाजिक तथा आर्थिक विकासको लागि सुन्दरहरैंचा नगरपालिकामा सार्वजनिक पूर्वाधार सेवाहरुको विकास सञ्चालनमा सार्वजनिक-निजी क्षेत्रको लगानी अभिवृद्धि गर्ने ।

**५. उद्देश्य (Objectives)** यस नीतिका उद्देश्य देहाय बमोजिम हुनेछन्:

५.१. सुन्दरहरैंचा नगरपालिकामा सार्वजनिक पूर्वाधार तथा सेवाहरुका विकास, पुनर्निर्माण तथा सञ्चालनको क्षेत्रमा आवश्यक पूँजी, साधन एवं स्रोतहरु निजी क्षेत्रबाट परिपूर्ति गर्न निजी लगानी आकर्षण हुने वातावरण सिर्जना गर्ने,

५.२. सुन्दरहरैंचा नगरपालिकाका लागि आवश्यक गुणस्तरयुक्त सार्वजनिक पूर्वाधार सेवाहरु उपलब्ध गराउन निजी क्षेत्रमा रहेको व्यावसायिकता,

